# अमरनारायण मन्दिरको कला तथा वास्तुकला
# Art & Architecture of Amarnarayan Temple

अरूणकुमार काफ्ले

लेख सङ्कलन
२०७९-०५-०७

समीक्षकबाट प्राप्त
२०७९-०५-१२

स्वीकृत
२०७९-०५-१५

## लेखसार

दुनियाँमा भाषा, धर्म, संस्कृति, परम्परा, कला वास्तुकलाका क्षेत्रमा नेपाल प्रसिद्ध मुलुक हो । यहाँ प्राचीनकालदेखि नै विभिन्न किसिमका कला तथा वास्तुकलाका संरचनाहरू निर्माण हुँदै आएको इतिहास छ । राजप्रसाद, मठ, मन्दिर, विहार, चैत्य, स्तुपा, पार्टी, पौवा, ढुङ्गेधारा जस्ता वास्तुकलाका नमुनाहरू नेपालमा प्राचीन कालदेखि नै निर्माण हुँदै आएका छन् । मानगृह, कैशाशकुट र भद्राधिवास जस्ता भब्य महलहरू यहाँ निर्माण गरिएका थिए । तर ती संरचना आज हामी समक्ष छैनन् । पछिल्लो कालमा काठमाडौ उपत्यकाभित्र मात्र होइन, बाहिर पनि यस्ता वास्तु संरचनाहरू निर्माण गरिए । पनौतीको इन्द्रेश्वर महादेव, देवपाटनको पशुपतिनाथ, चाँगुको चाँगुनारायण, भक्तपुरको न्यातपोल, पाटनको कुम्भेश्वर, कीर्तिपुरको बाघभैरव, चोभारको जलविनायक, गोकर्णको गोकर्णेश्वर, हनुमानढोकाको तलेजु भवानी, भक्तपुर, काठमाडौ, पाटन, गोरखा र नुवाकोटका दरबार, पश्चिम नेपालका विभिन्न स्थानमा रहेका देवलहरू कला वास्तुकला, धार्मिक सांस्कृतिक दृष्टिकोणले महत्त्वपूर्ण स्मारक मानिन्छन् । यस्ता वास्तुरचनामध्ये पाल्पा जिल्लाको तानसेन बजारमा अवस्थित अमरनारायण मन्दिर पनि एउटा हो । यो मन्दिर काष्ठकलाका दृष्टिकोणले निकै महत्त्वपूर्ण मानिन्छ । तले शैलीमा निर्माण गरिएको यो मन्दिरमा पाइने काष्ठकला लगायत विविध पक्षको विश्लेषण गर्ने उद्देश्यले प्रस्तुत लेख तयार गरिएको हो । यो लेख विश्लेषणात्मक र विवरणात्मक अनुसन्धानको ढाँचामा आभारित छ । यसमा गुणात्मक सूचना एवम् तथ्याङ्क प्रयोग गरिएका छन् । त्यसो हुँदा यो गुणात्मक लेख हो । यस अध्ययनमा प्राथमिक तथा द्वितीयक दुवै प्रकृतिका तथ्याङ्कहरू सङ्कलन तथा विश्लेषण गरिएका छन् । प्राथमिक तथ्याङ्क भने अवलोकन, अन्तर्वार्ता, छलफल जस्ता विधि प्रयोग गरी सङ्कलन गरिएका हुन् । द्वितीयक तथ्याङ्क भने विभिन्न ग्रन्थ, प्रतिवेदन र लेख रचनाको समीक्षाबाट सङ्कलन गरिएको हो ।

Nepal is a country famous all over the world for its variety of Language, religion, culture, customs, traditions, art and architecture. Varieties of art and architectural structures have been built in different historical

periods. Majestic buildings like Managriha, Kailashkut Bhawan, Bhadradhiwas Bhawan had been built in Ancient Nepal. Raj Prasad, Matha Mandir, chaitya, stupas, Pati, Pauwa, stone water tank and many desingns of architectural structures have been built since ancient time. Unfortunately, those structures are not with us anymore. Recently, some of such structuries have been constructed all over Nepal. Indreshwor Mahadev, Pasunath temple of Devpatan, Changunarayan of Changu Nyatpol of Bhaktapur, Khumbheswor of Patan, Bhaghbhairav of Kritipur, Jalabinayak of Chobhar, Gokrneshwor of Gokarna, Taleju Bhawani of Hanuman Dhoka, Palace of Bhaktapur, Kathmandu, Patan, Gorkha durbar, Nuwakot Darbar, westrn Nepal are some of the religious and culturally important monuments. Amar Narayan Temple situated in Tansen Palpa is also a famous structure. This temple constructed in traditional brick is important in terms of wooden art and architecture made in multi roofed style. This article has been developed in order to describe and anaylyze the different wooden art and architectural forms of the temple. This article is based on descriptional and analytical research modality. Quantitative and Qualitative, informative data collection methods have been used in this research. Therefore, it is a descriptive article.

**शब्द कुञ्जिका:** अमरनारायण मन्दिर, मौलिक शैली, मूर्त तथा अमूर्त संस्कृति ।

## परिचय

पाल्पा नेपाल एकीकरण हुनुभन्दा अघि चौबीसीमध्येको एउटा छुट्टै राज्य थियो । कर्णाली प्रदेशको खस राज्यको विघटन पछि पाल्पा एउटा स्वतन्त्र राज्यका रूपमा स्थापना भएको हो । स्वतन्त्र राज्य भएका बखत पाल्पाले धर्म, संस्कृति, कला, वास्तुकला जस्ता क्षेत्रमा उल्लेखनीय विकास गरेको देखिन्छ । यो क्षेत्र हिन्दू धर्म तथा संस्कृतिको मात्र होइन बौद्ध धर्म तथा दर्शनको दृष्टिले पनि महत्त्वपूर्ण केन्द्र थियो (काफ्ले, २०७५) । भगवान् गौतम बुद्धको जन्मस्थल लुम्बिनी पाल्पाबाट लगभग ७५ कि.मि. दूरीमा मात्र रहेको छ । त्यसैले यहाँ बुद्ध धर्मको प्रभाव पर्नु स्वभाविक र सान्दर्भिक थियो । यहाँ मूलतः मध्यकालदेखिका बौद्धधर्मसँग सम्बन्धित स्मारक तथा मूर्तिहरू पाइन्छन् ।

नेपालको राजनीतिक इतिहास हेर्दा मध्यकालसम्म एकीकृत रूपमा रहेको यो देशम मध्यकाल पछि विभिन्न स-साना राज्यहरूमा बाँडिएको देखिन्छ । काठमाडौ उपत्यकाको मल्ल राज्य यक्ष मल्लको मृत्युपछि टुक्रिन गयो । संयुक्त रूपमा रहँदाको शक्ति र सामर्थ्य कमजोर बन्न पुग्यो । यसैताका गण्डकी प्रदेशमा चौबीसी र कर्णाली प्रदेशमा बाइसी राज्यहरू अस्तित्त्वमा आए । गण्डकी प्रदेशका चौबीसवटा राज्यहरूमध्ये पाल्पा राज्य निकै सशक्त र बलियो थियो । राजनीतिक रूपमा मात्र नभई धार्मिक, सांस्कृतिक, कला वास्तुकला जस्ता क्षेत्रमा पनि पाल्पा राज्य कमजोर थिएन । यहाँ शेन वंशका शासकहरूले राज्य सञ्चालन गरेका थिए । मणिक सेन यहाँका निकै शक्तिशाली राजा थिए । यिनका पालामा चौतर्फी विकास भएको थियो । सामरिक एवम् सांस्कृतिक दुवै दृष्टिमा सशक्त मानिएको यो राज्यका सेनवंशी शासनले पनि निरन्तरता पाइरहन सकेन । अन्ततः सेनवंशको शासन अधिकारको पनि अन्त्य भयो ।

पाल्पा गौडा पछिल्लो समयसम्म पनि प्रशासनिक अखडा थियो । राणाकालमा समेत यसै गौंडाबाट यस क्षेत्रको प्रशासन सञ्चालन गरिन्थ्यो । पाल्पा वरिपरिका क्षेत्र खासगरी रूपन्देही, कपिलवस्तु, नवलपरासी, मुस्ताङ जस्ता जिल्लाहरूबाट बौद्ध धर्मसँग सम्बन्धित चैत्य, स्तुप, विहार मन्दिर, बुद्धका मूर्ति आदि प्राप्त भएका छन् (शर्मा, २०६०) । बौद्ध स्मारकका साथै पाल्पा क्षेत्रमा भैरव थान, भगवती थान जस्ता हिन्दू धर्म तथा सम्प्रदायसँग सम्बन्धित प्रसिद्ध देवस्थल पाइन्छन् । यी सन्दर्भले पाल्पा क्षेत्रमा तत्कालीन समयमा हिन्दू तथा बौद्ध दुबै धर्म एवम् दर्शनको विकास भइसकेको थियो । सोही समयदेखि हिन्दू तथा बौद्ध धर्मसँग सम्बन्धित कला वास्तुकलाको निर्माण गर्ने कार्यले महत्त्व पाइसकेको हुनसक्ने सङ्केत गर्दछ । यो अध्ययनमा पाल्पा गौंडाका समग्र पक्षको विश्लेषण नगरी केवल अमरनारायण मन्दिरसँग सम्बन्धित विविध सन्दर्भहरूलाई समीक्षाको विषय बनाउने प्रयास गरिएको हो ।

अमरनारायण मन्दिर यस्ता स्मारकहरूमध्ये पाल्पाको अमरनारायण मन्दिर छाने शैलीको काठमाडौ उपत्यका बाहिर रहेको निकै महत्त्वपूर्ण स्मारक हो । यति महत्त्वपूर्ण देवस्थल भए तापनि यो कसले कहिले निर्माण गरे ? यो कुन वास्तुशैलीसँग सम्बन्धित छ ? यसको कला पक्षसँग सम्बन्धित महत्त्वपूर्ण विशेषता केके हुन् ? यसमा प्रयोग गरिएको आङ्गिक पक्ष केकस्तो छ ? समग्रमा यस मन्दिरका काष्ठकलासँग जोडिएका उल्लेख्ययोग्य पक्ष केके हुन्? जस्ता सन्दर्भहरूका बारेमा आजसम्म प्रर्याप्त शोधखोज गरिएको छैन । केही विद्वान्हरूले सामान्य ढङ्गबाट यो देवस्थलको अध्ययन भने गरेका छन् । तर विशेष अध्ययन भने भएको पाइदैन । सामग्री पनि पर्याप्त पाइएका छैनन् । उक्त समस्यालाई नै अनुसन्धान अन्तराल मानेर अमरनारायण मन्दिरको कला तथा वास्तुकला शीर्षकको यो लेख तयार पारिएको हो ।

## अध्ययनका समस्या

नेपालमा विशेषतः काठमाडौ उपत्यकाभित्र रहेका धेरै तीर्थस्थल, देवदेवालय, मठमन्दिर, विहार, चैत्य, पाटीपौवा, सत्तल ढुङ्गेधारा, जलद्राणी जस्ता स्थल तथा स्मारकहरूका विषयमा विभिन्न दृष्टिकोणबाट धेरै शोधखोज भएका छन् । उपत्यका बाहिर भएका स्थलहरूका विषयमा भने पर्याप्त अध्ययन अनुसन्धान हुनसकेको देखिदैन । पाल्पास्थित अमरनारायण मन्दिर पनि प्रर्याप्त शोधखोज नभएको देवस्थल मानिन्छ । यो देवस्थल कसले कहिले निर्माण गरे ? यो कुन वास्तुशैलीसँग सम्बन्धित देवस्थल हो ? यसको कला पक्ष कस्तो छ ? जस्ता सन्दर्भलाई समेटेर शोधखोज गरिएका सामग्री पर्याप्त छैनन् । यी पक्ष प्रस्तुत अध्ययनसँग जोडिएका समस्या हुन् । यसैलाई अनुसन्धान अन्तराल मानेर यो लेख तयार पारिएको हो ।

## अध्ययनको उद्देश्य

काठमाडौ उपत्यका बाहिर भएका स्थलहरूका विषयमा पर्याप्त शोधखोज हुन सकेको देखिदैन । पाल्पास्थित अमरनारायण मन्दिर पनि पर्याप्त अध्ययन अनुसन्धान नभएको स्थलमा पर्दछ । यो देवस्थल निर्माणकर्ता र काल, वास्तुशैली, कला पक्ष जस्ता विषयलाई समेटेर शोधखोज गरिएका सामग्री पर्याप्त छैनन् । यी पक्ष प्रस्तुत अध्ययनसँग जोडिएका समस्या हुन् । यो लेख मूलतः माथि उल्लिखित प्रश्नको समाधान र अनुसन्धान अभाव परिपूर्ति गर्ने उद्देश्यले तयार पारिएको हो ।

## अनुसन्धान विधि

यो लेख विश्लेषणात्मक र विवरणात्मक अनुसन्धानको ढाँचामा तयार पारिएको हो । यसमा गुणात्मक सूचना एवम् तथ्याङ्क प्रयोग गरिएका छन् । त्यसो हुँदा यो गुणात्मक लेख हो । यस अध्ययनमा प्राथमिक तथा द्वितीयक दुवै प्रकृतिका तथ्याङ्कहरू सङ्कलन तथा विश्लेषण गरिएका छन् । प्राथमिक तथ्याङ्क भने अवलोकन, अन्तर्वार्ता, छलफल जस्ता विधि प्रयोग गरी सङ्कलन गरिएका हुन् । द्वितीयक तथ्याङ्कका लागि रेग्मी (२०३४) को नेपालको वैधानिक परम्परा, घिमिरे (२०४५) को पाल्पा राज्यको इतिहास भाग १, शाक्य (२०४८) को पाल्पाका बौद्ध गतिविधिमा भिक्षु अमृतानन्द, बानियाँ (२०५६) को तानसेनका मठ, मन्दिर, चैत्य तथा विहारहरूको कलाकौशल र गुठी व्यवस्था, (२०६३) पाल्पा गौंडा एक ऐतिहासिक अध्ययन, शर्मा (२०६०) को गण्डकी प्रस्रवण क्षेत्रको सांस्कृतिक सम्पदा; कला र वास्तुकला, भट्टराई (२०६७) को नेपालका धार्मिक स्थलहरू (सांस्कृतिक कोश), खतिवडा (२०७४) को नेपाली संस्कृति विश्वकोष, काफ्ले (२०७५) को पाल्पामा बौद्ध धर्मको प्रभाव र बौद्ध वास्तुकला, Regmi (1966) को Medival Nepal Vol-II, Sharma (1968) को Introduction to Nepalese Art and Architecture, Raya (1972) को Art of Nepal, Cultural Heritage of Nepal, Oldfield (1974) को Sketches from Nepal, Dulal (2060) को The Land of Pagoda: A brief Study of the multi roofed temple of Nepal जस्ता ग्रन्थ, प्रतिवेदन र लेख रचनाहरू समीक्षा गरिएका हुन् ।

## नतिजा र छलफल

यो अनुसन्धानात्मक लेख विश्लेषणात्मक र विवरणात्मक ढाँचामा अनुबन्धित छ । यसमा गुणात्मक तथ्याङ्क प्रयोग गरिएका छन् । प्राथमिक तथा द्वितीयक दुवै प्रकारका तथ्याङ्क एवम् सूचनाको विश्लेषण गरिएको छ । प्राथमिक तथ्याङ्क मूलतः पटकपटक गरिएको कार्यक्षेत्र अध्ययनबाट सङ्कलन गरिएका हुन् । यस क्रममा अवलोकन र अन्तर्वार्ता विधि प्रयोग गरिएको छ । द्वितीयक तथ्याङ्क पूर्वकार्य समीक्षाबाट सङ्कलन गरिएका छन् । प्राथमिक तथा द्वितीयक दुवै प्रकारका तथ्याङ्क सङ्कलन र विश्लेषण यस अध्ययनमा गरिएका छन् । तथ्याङ्कको विवेचनापछि अनुसन्धानको उपलब्धि, नतिजा र छलफलका रूपमा पाल्पाको ऐतिहासिक पृष्ठभूमि, अमरनारायण मन्दिर निर्माण काल र कर्ता, अमरनारायण मन्दिरको वास्तुशैली, अमरनारायण मन्दिरमा पाइने प्रमुख विशेषता जस्ता विषयको चर्चा गर्दै निष्कर्ष प्रस्तुत गरिएको छ ।

## पाल्पाको ऐतिहासिक पृष्ठभूमि

बृहत नेपाल राष्ट्रको विघटन पछि कर्णाली प्रदेशमा खस साम्राज्य स्थापना भएको हो । खस साम्राज्य पूर्वमा गण्डकी प्रदेशसम्म फैलिएको र पाल्पा यसै क्षेत्रमा पर्ने हुँदा मध्यकालमा पाल्पा भेग खस साम्राज्यअन्तर्गत नै पर्दथ्यो । खस राज्यको विघटन पछि गण्डकी प्रदेशमा चौबीसी राज्य र कर्णाली प्रदेशमा बाईसी राज्यहरू स्थापना भए । लमजुङ, तनहुँ, गलकोट, भलीवम, सतहुँ, गरहुँ, पोखरा, भीरकोट, रिसिङ घिरिङ, ढोर, पाल्पा, बुटवल, तानसेन, गुल्मी, पश्चिम नुवाकोट, खाँची, इस्मा, धुर्कोट, मुसिकोट, पिल्ली, सलिना, विगा पैसा, कास्की, दाङ आदि यी राज्यहरू चौबीसे राज्यअन्तर्गत पर्दछन् (Oldfield, 1974)। यिनै राज्यहरूमध्ये पाल्पा पनि एक थियो ।

पाल्पा पश्चिम नेपालको एउटा प्रसिद्ध स्थान हो । मध्यकालमा पाल्पा चौबीसे राज्यअन्तर्गत सबैभन्दा पुरानो

र बलियो राज्य थियो (खतिवडा, २०७४) । रिब्दीकोटको सामन्त शासक रुद्रसेनले वि.स. १५५० मा पाल्पा राज्यको स्थापना गरेको अनुमान गरिन्छ (घिमिरे, २०४५) । कसैले रुद्रसेनलाई चितौडगढका सेनवंशी राजा मानेका छन् । राज्य स्थापना पनि वि.स. १५७० मा गरेको हुन सक्ने उल्लेख गरेको पाइन्छ (रेग्मी, २०३४) । प्रभास भन्ने ठाउँमा रहेको शिवालयको वि.स. १५४९ को एउटा अभिलेखमा रुद्रसेन राजाको बारेमा उल्लेख छ (बानियाँ, २०६३) । यो शिलालेख नै रुद्रसेनले पाल्पा राज्य स्थापना गरेका थिए भन्ने विषयलाई पुष्टि गर्ने आधार हो ।

एकीकरण अभियानमा समेटिनुभन्दा अघिसम्म सेनवंशका शासकहरूले शासन सञ्चालन गरे । कालान्तरमा मुकन्द सेनको समयमा पाल्पा राज्य विस्तार भयो । पछि उनका सन्तानहरूले यसलाई मकवानपुर, तनहुँ र बुटवल गरी ३ वटा राज्यमा विभाजन गरे । रिसिङ, घिरिङ र जाजरकोट पनि पाल्पाबाट अलग भएका स्थान थिए । वास्तवमा मुकुन्दसेन राजा हुनासाथ मगर र खस लगायतका भारदारहरूलाई मिलाएर बलियो राज्य बनाएका थिए । त्यसबेला पाल्पा राज्यको सीमाना उत्तरमा मुक्तिनाथ, दक्षिणमा गङ्गानदी, पूर्वमा जलपाईगुडी र पशिचममा कुमाउसम्म फैलिएको थियो (खतिवडा, २०७४,) । वि.सं. १८६१ तिर पाल्पा राज्य नेपाल एकीकरणको अभियानमा समाहित भयो । यसपछि भने यसको स्वतन्त्र राज्यको हैसियत समाप्त भएको हो । स्वतन्त्र राज्यको हैसियतमा यस क्षेत्रमा धर्म, संस्कृति, परम्परा, चाडपर्व, जात्रा, कला तथा वास्तुकला क्षेत्रमा धेरै कार्य भएका थिए । त्यस्ता नमुनाहरूमध्ये हिजो आज पनि केही पाइन्छन् ।

## अमरनारायण मन्दिर निर्माण काल र कर्ता

पाल्पा राज्यमा सेन वंशको पतन पछि पहिलो मुख्तियार (गर्भनर) काजी अमर सिंह थापा (प्र.म. भीमसेन थापाको बुवा) बने । मन्दिरमा रहेको अभिलेखमा वर्णन गरिएको सन्दर्भका आधारमा यो मन्दिर वीरभद्र थापाका छोरा काजी अमरसिंह थापाले वि.स. १८६३ मा निर्माण गरेका हुन् (भट्टराई, २०६७) । पाल्पा राज्य नेपालमा गाभिएपछि पाल्पामा पनि काठमाडौ उपत्यकाबाट कालिगढहरू झिकाएर कलात्मक मठ, मन्दिर, निर्माण गराउन थालिएको पाइन्छ । काठमाडौंबाट कालिगढको रूपमा पाल्पा आएका सुन्दर बाँडाले तानसेनको अमरनारायण मन्दिर निर्माण गरेको विश्वास गरिन्छ (शाक्य, २०४४) ।

यो मन्दिर सम्भवतः काठमाडौ उपत्यका बाहिर निर्मित बहुछानादार शैलीमध्येका मन्दिरमध्ये सुन्दरतम नमुना हो । अमरसिंह थापा शाक्त सम्प्रदायका अनुयायी थिए । यिनले पाल्पा राज्यमाथिको विजयलाई भौगोलिक विजयमात्र ठाने । स्थानीयहरूको भावना जित्न अनिवार्य माने । सांस्कृतिक विजयबाट मात्र स्थानीय वासिन्दाहरूको मन जित्न सकिन्छ भन्ने विश्वासले उनले बैष्णव सम्प्रदायसँग सम्बन्धित यो भव्य मन्दिर बनाएका हुन् । हाल यो मन्दिर रहेको स्थानमा सेनकालदेखि नै एउटा बालगोपालको सानो मन्दिर रहेको बुढापाकाहरू बताउँदछन् ।

## अमरनारायण मन्दिरको वास्तुशैली

नेपालमा मन्दिर निर्माण गर्दा मूलतः छानो तथा शिखर वास्तुशैलीको प्रयोग गर्ने परम्परा छ । छाने शैलीलाई नेपालको मौलिक वास्तुरचना हो । शिखर वास्तुशैली प्राचीन तथा मध्यकालीन भारतमा विकशित नागर

शैली मानिन्छ । शिखर वास्तुशैलीको नागर, बेसर र द्रविण गरी तीन भेद छन् । शिखर शैलीका मान्दिरमा विशेषतः ढुङ्गा तथा ईंटाको प्रयोग पाइन्छ । छाने शैलीका मन्दिरमा भने ढुङ्गा तथा ईटका तुलनामा काठको प्रयोग बढी हुने गरेको देखिन्छ । फलस्वरूप छानेशैलीका मन्दिर काष्ठकलाकारिताका दृष्टिले महत्त्वपूर्ण मानिन्छन् । नेपालमा काठमाडौ उपत्यकाका चाँगुनारायण, न्यातपोलदेवल, कुम्भेश्वर, पशुपतिनाथ, तलेजु भवानी, जलविनायक, गोकर्णेश्वर आदिजस्ता स्मारकहरू छाने शैलीका उत्कृष्ठ नमुना हुन् । उपत्यका बाहिर पनि छाने शैलीका मन्दिरहरू निकै छन् ।

अमरनारायण मन्दिर तले वास्तुशैलीमा निर्मित धार्मिक स्मारक हो । तले शैलीलाई विशुद्ध नेपाली शैली भनिन्छ । यो शैलीलाई पगोडा शैली, छाने वा छत्र शैली, बहुछानादार शैली, नेपाली शैली, नेवारी शैली, विशिष्ट नेपाली शैली, मौलिक शैली जस्ता विभिन्न नामले चिनाउने गरिन्छ (Dulal, 2070) । यस सन्दर्भमा पि.आर शर्मा भन्दछन्- तले शैली स्वदेशी प्रणालीबाट निर्माण भएको शैली हो । यस्तो शैलीको ढर्रा र ढाँचामा स्वदेशीपन पाइन्छ । यो शैली देशको मौलिक परम्पराका आधारमा उत्पत्ति भएको शैली हो । अत यो शैलीलाई पछि उत्पत्ति भएका बिदेशी प्रणाली अनुरूप नामकरण गरिनु हुँदैन । यो मौलिक शैली हो (Sharma, 1968)। अमिता रायले यो शैलीलाई विशिष्ट नेपाली शैली मानेकीछन् (Raya, 1972)।

केही विद्वान्हरूले यो शैलीलाई तले शैली तथा बहुछाने शैली जस्ता नाम दिएका छन् (Sharma, 1968)। सिल्वा लेभी, पर्सि ब्राउन, हेमिल्टन जस्ता विद्वान्हरूले भने यो शैलीलाई प्यागोडाशैलीका रूपमा उल्लेख गरेको देखिन्छ (Regmi, 1966) । इतिहासकार डिल्लीरमण रेग्मी नेपाल बाहिर खासगरी चीन, जापान, कोरियातिर यो शैलीलाई पगोडा भनिन्छ । त्यसैका आधारमा यो शैलीलाई पेगोडा शैली भन्नु ठीक होइन । यसो भन्नु वैज्ञानिक पनि छैन भन्दै यो शैली नेपालमा उत्पत्ति भएको मौलिक शैली हो । नेपाली हावापानी र वातावरण अनुकुल यो शैली निर्माण गरिएको छ । अन्य कतैतिर पाइने यो शैलीभन्दा नेपाल भाषा शैलीको उत्पत्तिको इतिहास पुरानो छ । त्यसैले यो शैलीलाई नेपाली शैली भन्नु सान्दर्भिक छ भन्दछन् (Regmi, 1966) ।

तले वा छाने शैलीका मन्दिर काष्टकलाकारितका निम्ति शिखर शैलीका भन्दा निकै महत्त्वपूर्ण र उत्कृष्ठ मानिन्छन् । तह तह परेका पेटीमाथि तलबाट माथि क्रमशः साँघुरिदै गएको संरचना हेर्नमा निकै सुन्दर र मनमोहक मानिन्छ। सामान्यतः जति सङ्ख्यामा पेटि छन् त्यति नै छानाको प्रयोग, पेटीमा घण्टा, दिया लगायत विभिन्न कलात्मक वस्तुको स्थापना, काठको अत्यधिक प्रयोग, कलात्मक काष्ठढोका र तोरण, कलात्मक विम दलिन र कोरा वत्ति, कलात्मक टुँडाल, तह तह परेको छानो, छानामाथि गजुर आदिको प्रयोग तले शैलीमा पाइने प्रमुख विशेषता हुन् । यिनलाई तले शैलीका आधारभूत पक्ष मानिन्छ । पाल्पाको अमरनारायण मन्दिर राम्रो नमुना हो । त्यसैले यस मन्दिरमा माथि उल्लिखित सबैजसो आङ्गिक विशेषता पाइन्छ ।

## अमरनारायण मन्दिरमा पाइने प्रमुख विशेषता

यो मन्दिरको गर्भगृहमा लक्ष्मी सहितको भगवान् नारायणको चर्तुभुज मुद्रामा कमलमाथि उभिएको सुनौलो धातुको मूर्ति छ । भुइँमा भगवान विष्णुका बाहन गरुड आसनरत छन् । दायाँ बायाँ गणेश, बालगोपाल र हनुमान्का मूर्तिहरू छन् । नारायणको मूर्ति अगाडि शालिग्रामहरूको थुप्रो राखिएको छ। तीन तले यो मन्दिरको

माथिल्लो छाना पित्तलको छ। बाँकी अन्य छानाहरूमा भने झिँगटीको प्रयोग छ। तेलिया, इटामा बज्र सुकीको जोडाई र सालका काठहरूको प्रयोग गरी बनाइएको यस मन्दिरको विशेषता अनेक टुँडालहरूमा कुँदिएका उत्कृष्ठ काष्ठकलाका आकृतिहरू र तिनमा व्यक्त गरिएका कामकलाका विभिन्न मुद्राहरू हुन्।


अमरनारायण मन्दिर

यो मन्दिर तले शैलीमा निर्माण गरिएको छ। अतः तले शैलीका मन्दिरमा पाइने विशेषताको अभाव यो स्मारकमा छैन। लगभग सबैजसो आङ्गिक विशेषताहरू पाइन्छन्। काठको अत्यधिक प्रयोग, कलात्मक टुँडाल, तोरणका साथै विम, दलिन, चौखोट, प्रवेशद्वार, प्रदक्षिणा पथ, तह तह परेको छानो आदि यो स्मारकका महत्त्वपूर्ण विशेषता हुन्। यी आङ्गिक विशेषताका अतिरिक्त देउदेउताको पूजा उपासना परम्परा, फलफुल अर्पण तथा वितरण प्रणाली, पुजारी नियुक्ति परम्परा तथा व्यवस्थापन, मन्दिरमा चढाउने भाकल, भोग, दान दक्षिणा र भेटी परम्परा, वार्षिक रूपमा चल्ने मेला, जात्रा, चाडवाड, परम्परालाई यो मन्दिरसँग सम्बन्धित अन्य विशेषता मान्न सकिन्छ।

## उत्कृष्ट काष्ठकलाकारिता

काठको प्रयोग प्राचीन कालदेखि नै हुँदैआएको छ। नेपालमा मात्र होइन। संसारका अन्य प्राचीनतम सभ्यताहरूमा समेत काठको प्रयोग हुने गरेको थियो। नेपालमा प्रागऐतिहासिक कालदेखि नै विभिन्न उद्देश्य र रूपमा काठलाई प्रयोगमा ल्याइएको बुझिन्छ। लिच्छविकाल काष्टकला तथा वास्तुकला सिर्जनाको बलियो आधार मानियो। सशक्त माध्यम ठानियो। सोहीअनुसार प्रयोग गर्दै आइयो। त्यसबेलाका अभिलेखमा पाइने काठका सामग्री निर्माण गरिएका, निकासी गरिएका, कर लिइएका र दिइएका सन्दर्भहरूले उक्त विषयलाई पुष्टि गर्दछन्। काष्ठकलाका लागि मध्यकाल स्वर्ण युग नै मानिन्छ। त्यसबेला निर्माण भएका स्मारक आजसम्म पनि हामीसमक्ष उपलब्ध छन्।

पाल्पामा निर्माण गरिएका देवालय, दरबारका साथै सर्वसाधारणको घरमा समेत धेरै थोरै रूपमा काठको प्रयोग पाइन्छ। त्यसमा पनि तले शैलीमा प्रयोग गरिएका निर्माण भएका मन्दिरहरूमा काठको प्रयोग ज्यादा मात्रामा पाइनु स्वभाविक एवम् सान्दर्भिक हो। पाल्पाका मन्दिरहरूमध्ये अमरनारायण मन्दिर काष्ठकलाको दृष्टिले उत्कृष्ट नमुना मानिन्छ। तोरण सहितको ढोका, टुँडाल, झ्यालहरूमा प्रदर्शन गरिएको काष्ठकलाले यो मन्दिर काष्ठकलाकारिताका निम्ति महत्त्वपूर्ण छ भन्ने विषयलाई पुष्टि गर्दछन्। मन्दिरमा प्रयोग गरिएका काष्ठद्वार, ढोका, तोरण र टुँडालहरूको विश्लेषण तलका पृष्ठहरूमा गरिएको छ।

### प्रवेशद्वार एवम् ढोका

मन्दिरमा प्रवेशद्वारको प्रयोग विशेषतः सुरक्षा र सुन्दरता दुवै प्रयोजनका लागि हुने गर्दछ। मन्दिर खुला छोड्दा भित्र पूजा उपासना गरिने देउ देउताका प्रतिमाका साथै अन्य मूल्यवान् वस्तु हराउन सक्दछन्। त्यसैले सुरक्षा दृष्टिले पनि मन्दिरमा ढोकाको प्रयोग गरिन्छ। त्यस्तै गरी विभिन्न देउदेउता, अप्सरा, फूलबुट्टा, लत्ता


कपडा कुँदेर मन्दिरको सौन्दर्य वृद्धि गर्न समेत ढोकाको प्रयोग गरिन्छ । अमरनारायण मन्दिरलाई सुरक्षित राख्न लगाइएको पर्खालबाट मन्दिर परिसरमा प्रवेश गर्न बनाइएको पश्चिम तिरको प्रवेशद्वार काठको रहेको छ। जुन ढोकाको चौकोसमा प्रतीकात्मक रूपमा विभिन्न कुराहरू देखाइएको छ। यस मन्दिरको दायाँ बायाँका चौकोसको आसनमा द्वारपालको रूपमा सिंह र मानवको आकृति निर्माण गरिएको छ। त्यस माथि पूर्णकलश छ । जसलाई पृथ्वीको प्रतीक मानिन्छ । पूर्णकलश माथि केराको बोटको आकृति बनाइएको छ । विभिन्न फूलबुट्टा र रुखका लहरा बनाएर चौकोसलाई कलात्मक बनाउनुका साथै गोही, नागकन्याको आकृति कुँदेर बादलको प्रतीक बनाइएको छ। यस मन्दिरको ढोकाको खापा भने सिङ्गो काठका दुई फलेटाहरू मात्र छन्।

## कलात्मक तोरणको प्रयोग

तोरण मन्दिरको ढोकामाथि स्थापना गरिएको अर्ध चन्द्राकार वस्तु हो । तोरण, धातु, काठ, प्रस्तर, मृणमय जे सुकैको पनि बनाउन सकिन्छ। प्राचीनकालदेखि नै मन्दिरका द्वार, झ्याल र प्राङ्गणमा समेत तोरण राख्ने परम्परा थियो । तोरणमा मुख्य देवता, अन्य विभिन्न देउदेउता, गणका साथै फूलबुट्टा, लहरा आदि कुँदिएका हुन्छन्। अतः तोरणलाई कलाकारिताको दृष्टिले उत्कृष्ट नमुना मान्ने गरिन्छ। अमरनारायण मन्दिरको तोरण भने काठबाट निर्माण गरिएको छ। यो मन्दिरको तोरण पनि कलात्मक छ।

पश्चिम तर्फ फर्काएको मूल ढोकाको ठीक माथि पट्टि अर्ध बृत्ताकार कलात्मक तोरण रहेको छ। उक्त तोरणमा सर्प, माछा आदि जलचरका आकृति बनाइएका छन्। सबैभन्दा माथि छेपु भनिने बाघमुख आकृति बनाइएको छ। जसले सर्पलाई पुच्छरतिरबाट निल्न लागेको देखाइएको छ। यस मन्दिरको तोरणको बीच भागमा गरुड माथि आसिन शंख, चक्र, गदा, पद्म, धारण गरेका भगवान नारायणका साथै कछुवामा बसेकी लक्ष्मीको आकृति बनाइएको छ । तोरण भन्दा माथि छत बनाइएको छ । तोरणमा बनाइएको छेपुलाई आकाशको प्रतीक र जलचरलाई बादलको प्रतीक मानेर बादल विशाल आकाशमा बिलिन हुन लागेको संकेत गरिएको छ। भक्तजनहरूलाई मन्दिरमा प्रवेश गर्नु पूर्व नै कुन देवी देवताका दर्शन हुँदैछ भन्ने कुराको सङ्केत मिलोस् भन्ने उद्देश्यले तोरणमा सम्बन्धित मन्दिरको मुख्य देवीदेवताको आकृति बनाउने चलन अनुरूप यो मन्दिरमा पनि बनाइएको हो ।

## कलात्मक टुँडालको प्रयोग


प्रवेशद्वार एवम् तोरण

टुँडाल तले शैलीका मन्दिरमा छानो अड्याउनका साथै मन्दिरलाई सुन्दर बनाउन ४५° को कोण बनाएर मन्दिरको पर्खाल र छानोमा जडान गरिएका कलात्मक अङ्ग हुन् । कलात्मक टुँडालको प्रयोग नेपाली तले शैलीका मन्दिरमा पाइने मौलिक विशेषता हो। अन्यत्रका मन्दिरमा कलात्मक टुँडालको प्रयोग पाइदैन। नेपालका मन्दिरहरूमा प्रयोग गरिएका टुँडालहरूले सुरक्षा, सुन्दरताका साथै सामाजिक, सांस्कृतिक र धार्मिक महत्त्वसमेत बोकेका छन् (Dulal, 2060)। वास्तवमा नेपालका मन्दिर तथा विहारहरूमा छानालाई अड्याउन मात्र होइन कलात्मक भावनाको प्रतीकका रूपमा र अध्यात्मिक भावनाको प्रस्फुटनकरणका निमित्त टुँडालहरू प्रयोग गरिएका हुन् । उक्त टुँडालहरूमा देवीदेवताको पादपीठमुनि

भक्तका रूपमा मानव मूर्तिहरूका साथै आगमवादी सिद्धान्तलाई प्रस्तुत गर्न अनेकौ कामवासनाका मुद्राहरू पनि निर्माण गरिएका हुन्छन् (वज्राचार्य, मिन)

मन्दिर तथा विहारका छानालाई अड्याउन काठका टुँडालको प्रयोग गर्ने परम्परा नेपाली वास्तुशैलीको उल्लेख्य विशेषता हो । स्वरूपका आधारमा टुँडाल कुनाका र अन्य भागमा जडान भएका गरी टुँडाल दुई प्रकारका हुन्छन् । तीमध्ये चार कुनाका टुँडालहरूमा भेडाको आकृति तथा सिंहको आकृति कुँदिएका हुन्छन् । बीचका भन्दा आकारमा ठूला हुन्छन् । बलिया हुन्छन् । छानो लच्किनबाट जोगाउँदछन् भन्ने धारणा छ (Deo, 1968)।

माथिको सिद्धान्तका आधारमा नै अमरनारायण मन्दिरमा कलात्मक टुँडालहरूको प्रयोग गरिएको देखिन्छ । चार कुनाका टुँडालहरूमा भेडाको आकृति र अन्य टुँडालहरूमा वैष्णव धर्मसँग सम्बन्धित अनेकौ देवीदेवताका आकृतिहरू कुँदिएका छन् । टुँडालहरूको तल्लो भागमा देवीदेवताको पादपीठमा कामवासना झल्काउने युगल चित्रहरू कुँदिएको छ । विद्वान्हरूले टुँडालहरूमा आगमवादी सिद्धान्तलाई प्रस्तुत गर्न अनेकौ कामवासनाका मुद्राहरू पनि निर्माण गरिएका हुन्छन् भनेका छन् ।



अमरनारायण मन्दिरको टुँडाल

यस्ता आकृति कुँदेमा मन्दिरमा चट्याङ पर्दैन भन्ने जनविश्वास पनि रहेको छ । रति क्रियारत आकृतिहरू भोगबाटै योगको पराकाष्ठा पहिचान हुन्छ भन्ने हिन्दू तान्त्रिक मान्यताबाट प्रेरित देखिन्छन् । कृषि जीविकोपार्जनको एक मात्र स्रोत भएको अस्थिर र रक्ताम्य मध्यकालिन समाज र बौद्ध दर्शनबाट प्रेरित भई जीवनबाट विरक्तिएको समाजमा असन्तुलन आएको कारणले मानिसहरूलाई ग्राहस्थ जीवनतिर आकर्षित गरेर सन्तानोत्पत्तिमा प्रेरणा दिनु पनि सार्वजानिक स्थलहरूमा कामात्तेजक काष्ठकलाको प्रदर्शन गरिनुको कारण हुन सक्दछ ।

## कलात्मक झ्यालको प्रयोग

तले शैलीका मन्दिरमा पाइने अर्को महत्त्वपूर्ण आङ्गिक विशेषताका रूपमा कलात्मक झ्यालको प्रयोगलाई लिने गरिन्छ । झ्यालको महत्त्व पनि तोरण तथा टुँडाल जस्तै सुरक्षा र सुन्दरतासँग जोडिएको छ । झ्यालले मन्दिरको भित्री खण्डमा प्रकाश तथा स्वच्छ हावा प्रदान गर्न मद्दत गर्दछन् । कलात्मक झ्याल आकर्षणका आधार पनि हुन् । नेपालका मयुर झ्याल, सूर्य झ्याल, सँझ्या, आँखीझ्याल आदि निकै आकर्षक मानिन्छन् । यो मन्दिरमा पहिलो र दोस्रो छानामुनिका गाह्रोमा चारैतिर एउटा ठूलो र दुईवटा साना गरी ती नी तीन वटा झ्याल रहेको छन् । शीर्ष स्थानको छानामुनि भने चारै तर्फ एक एक वटा साना झ्याल राखिएको छ । ती झ्यालहरूमा फूलबुट्टा र रुखका लहराहरूका चित्र कुँदिएका छन् ।

## कलात्मक खम्बा तथा दलिनको प्रयोग

खम्बा तथा दलिन तले शैलकि मन्दिरमा पाइने महत्त्वपूर्ण विशेषता हुन् । यिनको प्रयोग मन्दिर निर्माणका साथै सौन्दर्य बृद्धि गर्न समेत हुने गर्दछ । बिम तथा दलिनका बीच खण्डका साथै छेउछेउमा कुँदिएका कलात्मक

चित्रले मन्दिरको सौन्दर्य बढाउन सहयोग गर्दछन् । यसै सिद्धान्तअनुसार नै अमर नारायण मन्दिरमा बिम तथा दलिनको प्रयोग गरिएको हुनुपर्दछ । यस मन्दिरका खम्बाहरू तलतिर बर्गाकार र माथितिर गोलाकार जस्ता छन् । भुँई तलामा चारैतिर ठड्याइएका यी स्तम्भहरूमा भगवान् विष्णुसँग सम्बन्धित देवीदेवता सिंह, घोडा आदि जीवजन्तुका आकृति र फुलबुट्टा कुँदिएका छन् । खम्बा भन्दा माथि चारैतिर काठका ठूला ठूला बीम राखिएका छन् ।

## कलात्मक छाना

छाना तले शैलीको मन्दिरको सबैभन्दा आकर्षण अङ्ग हो । टाढैबाट प्रष्टसँग अवलोकन गर्न सकिने अङ्गभित्र छाना पर्दछ । तलबाट माथि क्रमशः सानो हुँदैगएका छानाले मन्दिरको सुन्दरता थप्न ठूलो योगदान पुऱ्याउँदछन् । छानामा तामा, पित्तल जस्ता धातुका साथै झिँगटीको प्रयोगसमेत हुने गर्दछ । हावापानी र घामबाट मन्दिरलाई सुरक्षित राख्न तथा मन्दिरको आकर्षण बृद्धि गर्न छानाको उपयोगिता ठूलो छ । यसै सिद्धान्तअनुसार यो मन्दिरमा छानाको प्रयोग गरिएको हो । यो मन्दिरमा तलबाट माथि समानुपातिक आधारमा साँघुरिँदै गएका तीनवटा छाना छन् । जसमा सबैभन्दा माथिल्लो छाना पित्तलको पाताले छाएको र अन्य दुईवटामा झिँगटीको प्रयोग छ । छानामाथि आकर्षक ढंगको सुनको गजुर छ । दोस्रो र तेस्रो छाना मुनी गाह्रोको बीचमा बिम राखिएका छन् । ती बिममा कुदिएका अनेकौं देवीदेवता र जीवजन्तुका आकृतिले मन्दिरको शोभा बढाएको छ ।

## अमर नारायणसँग सम्बन्धित अमूर्त पक्ष

कर्णेल उजीर सिंह थापा यो मन्दिरका संस्थापकका नाति थिए । यिनले मन्दिर स्थापना भएको करिब १५ वर्ष पछि वि.स.१८७८ मा मात्र यो मन्दिरमा अमर नारायणको रथयात्रा सुरु गराएका थिए । प्रत्येक वर्ष कृष्ण जन्माष्टमीको भोलिपल्ट सुनौला रथमा भगवान्को मूर्ति प्रतिस्ठापन गरी काँधमा बोकेर शहरभरि परिक्रमा गराइने यो जात्रा निकै आकर्षक मानिन्छ । रामनवमी भदौमा हुने नारायण जात्रा बडा दशैं र कार्तिक पूर्णिमामा लगाइने भण्डारा, एकादशी, अक्षय तृतीया, रामनवमी, चर्तुदशीमा लाग्ने मेला अन्य विशेषता हुन् (भट्टराई, २०६७) ।

मन्दिरका संस्थापकले दैनिक पूजा तथा जात्रापर्व अनवरत रूपमा सञ्चालनार्थ चार हजार रोपनी खेतको आयस्रोतको व्यवस्था गरी दिएका हुन् । स्थानीयहरूले दिएको जानकारीअनुसार यो मन्दिरले उक्त सम्पत्तिको आयस्रोत भरपुर उपभोग गर्न सकेको छैन । वि.स. २०५० सम्म वर्षको चार पटक तीन फन्के सेल रोटी मन्दिरमा चढाइन्थ्यो । मन्दिरमा अर्पण गरिएको उक्त रोटी प्रसादका रूपमा बाँडेर भण्डारा चलाउने प्रथा थियो । यो निकै खर्चालु परम्परा हो । खर्च बर्च जुटाउन गाह्रो हुँदै गयो । हिजोआज यो प्रथा आर्थिक अभाव एवम् अन्य विभिन्न कारणले बन्द भएको छ ।

## अन्य विशेषताहरू

अमर नारायण मन्दिरका माथि उल्लेख गरिएको आङ्गिक विशेषताहरू महत्त्वपूर्ण पक्षहरू हुन् । उक्त विशेषताहरूकै आधारमा यो मन्दिर तले शैलीको राम्रो उदाहरण मानिएको हो । कलात्म ढोका, तोरण, झ्याल, बिम, दलिन, खम्बा, टुँडाल र छानाको प्रयोगका साथै यो मन्दिरमा अन्य धेरै कुराहरू पाइन्छन् । त्यसलाई मन्दिरकै विशेषता


अमरनारायण जात्रा

मान्न सकिन्छ । खासगरी सुनको जलपले भरिएको लक्ष्मीनारायणको मूर्ति, नियमित पूजाआजाका लागि १ हजार मुरी खेतको प्रबन्ध गरिएका सन्दर्भहरू यो देवस्थलका थप विशेषता हुन् (भट्टराई, २०६७) । मन्दिर वरपर रहेका अन्य दर्शनीय स्थलहरूमध्ये फूलवारी, वरिपरिका पाल्पाको ग्रेटवाल भनेर चिनिने पर्खाल, ऐतिहासिक पोखरी, शिव र विष्णुपादुका मन्दिर, रुखमा झुण्डिरहने चमेरा तथा प्राचीन पाटी पौवा र सत्तल आदि पनि मन्दिरसँग सम्बन्धित महत्त्वपूर्ण पक्ष हुन् ।

## निष्कर्ष

पाल्पा तानसेन बजारमा अवस्थित अमरनारायण मन्दिर तले शैलीमा निर्मित छ । अमरसिंह थापाले निर्माण गरेको यो मन्दिर काष्ठ कलाकारिताको उत्कृष्ठ नमुना हो । अमरसिंह थापा शाक्त सम्प्रदायका भए तापनि पाल्पा राज्यमाथिको विजयलाई स्थानीयहरूको भावना जित्न बैष्णव सम्प्रदायसँग सम्बन्धित यो भव्य मन्दिर बनाएका हुन् । यो काठमाडौका कालिगढ सुन्दर बाँडाले निर्माण गरेको विश्वास गरिन्छ । यो मन्दिर सम्भवत काठमाडौ उपत्यका बाहिर निर्मित तलेजु शैलीमध्येका मन्दिरमध्ये सुन्दरतम नमुना हो ।

नेपालमा मन्दिर निर्माण गर्दा मूलतः छानो तथा शिखर वास्तुशैलीको प्रयोग गर्ने परम्परा छ । छाने शैली नेपालको मौलिक वास्तु रचना हो । शिखर वास्तुशैली प्राचीन तथा मध्यकालीन भारतमा विकसित नागर शैली मानिन्छ । छाने शैलीका मन्दिरमा ढुङ्गा तथा ईटका तुलनामा काठको प्रयोग बढी हुने गरेको देखिन्छ । छाने शैलीका मन्दिर काष्ठकलाकारिताका दृष्टिले महत्त्वपूर्ण मानिन्छन् । अमरनारायण मन्दिर तले वास्तुशैलीमा निर्मित धार्मिक स्मारक हो । यो मन्दिरको गर्भगृहमा लक्ष्मी सहितको भगवान् नारायणको चर्तुभुज मुद्रामा कमलमाथि उभिएको सुनौलो धातुको मूर्ति छ । भुइँमा भगवान् विष्णुका बाहन गरुड आसनरत छन् । दायाँ बायाँ गणेश, बाल गोपाल र हनुमानका मूर्तिहरू छन् ।

तीन तले यो मन्दिरको माथिल्लो छाना पित्तलको छ । बाँकी अन्य छानाहरूमा भने झिँगटीको प्रयोग छ । तेलिया, इटामा बज्र सुकीको जोडाई र सालका काठहरूको प्रयोग गरी बनाइएको यस मन्दिरको विशेषता अनेक टुँडालहरूमा कुँदिएका उत्कृष्ठ काष्ठकलाका आकृतिहरू र तिनमा व्यक्त गरिएका कामकलाका विभिन्न मुद्राहरू हुन् । कर्णेल उजीर सिंह थापा यो मन्दिरका संस्थापकका नाति थिए । यिनले मन्दिर स्थापना भएको करिब १५ वर्ष पछि वि.स.१८७८ मा मात्र यो मन्दिरमा अमर नारायणको रथयात्रा सुरु गराएका थिए । प्रत्येक वर्ष कृष्ण जन्माष्टमीको भोलिपल्ट सुनौला रथमा भगवानको मूर्ति प्रतिस्थापन गरी काँधमा बोकेर शहरभरि परिक्रमा गराइने यो जात्रा निकै आकर्षक मानिन्छ ।

उत्कृष्ट काष्ठकलाकारिता, कलात्मक प्रवेशद्वार एवम् ढोका, कलात्मक तोरणको प्रयोग, कलात्मक टुँडालको प्रयोग, कलात्मक झ्यालको प्रयोग, कलात्मक खम्बा तथा दलिनको प्रयोग, कलात्मक छाना जस्ता पक्ष अमर नारायण मन्दिरका महत्त्वपूर्ण आङ्गिक विशेषता हुन् । यस देवस्थलमा नियमित पूजाआजाका लागि १ हजार मुरी खेतको प्रबन्ध गरिएको छ । रामनवमी भदौमा हुने नारायण जात्रा बडा दशैं र कार्तिक पूर्णिमामा लगाइने भण्डारा, एकादशी, अक्षय तृतीया, रामनवमी, चर्तुदशीमा लाग्ने मेला यस देवस्थलका अमूर्त संस्कृतिसँग

सम्बन्धित अन्य विशेषता हुन् ।

यो मन्दिरका अतिरिक्त पाल्पा तानसेन क्षेत्रका देवालय, दरबार र त्यहाँ जडान गरिएका झ्याल, ढोकाका साथै सर्वसाधारण जनताको घरका झ्याल ढोकासमेत कलात्मक पाइन्छन् । यस्ता अङ्गहरूमा कुँदिएका अनेकौं प्रकारका फूलबुट्टा र चित्रहरूले व्यक्तिगत घरलाई समेत आकर्षक बनाउने चलन यहाँ छ। तानसेनमा अवस्थित शितलपाटीको एउटा घरमा राखिएको आँखीझ्यालमा कुँदिएको चित्रकलाले पनि उक्त कुराको पुष्टि गर्दछ। यो मन्दिरका साथै पाल्पा क्षेत्रमा रहेका अन्य धार्मिक, सांस्कृतिक पुरातात्विक र ऐतिहासिक स्थलहरूको संरक्षण, सम्वर्द्धन एवम् प्रचार प्रसार गर्न सके आन्तरिक तथा वाह्य पर्यटनको विकास गर्न सकिने प्रचूर सम्भावना रहेको छ।

## सन्दर्भ सामग्री


काफ्ले, अरुणकुमार. (२०७५). पाल्पामा बौद्ध धर्मको प्रभाव र बौद्ध वास्तुकला. *Voice of Culture*. काठमाडौः संस्कृति विभाग. पद्मकन्या बहुमुखी क्याम्पस. अङ्क-८. पृ. ८९-९७।

खतिवडा, सोमप्रसाद. (२०७४). *नेपाली संस्कृति विश्वकोष*. काठमाडौः जनता प्रसारण तथा प्रकाशन ।

घिमिरे, विष्णुप्रसाद. (२०४५). *पाल्पा राज्यको इतिहास भाग १*. चितवनः पद्मा घिमिरे ।

बज्राचार्य, मनबज्र. (मिति नभएको). *नेपालको मध्यकालीन कला*. काठमाडौः श्री ५ को सरकार सूचना तथा प्रसार मन्त्रालय. सूचना विभाग ।

बानियाँ, कर्णबहादुर. (२०५६). *तानसेनका मठ, मन्दिर. चैत्य तथा विहारहरूको कलाकौशल र गुठी व्यवस्था.* काठमाडौः शिक्षाध्यक्षको कार्यालय. अनुसन्धान महाशाखा. प्रस्तुत लघु शोधपत्र ।

बानियाँ, कर्णबहादुर. (२०६३). *पाल्पा गौंडा एक ऐतिहासिक अध्ययन*. काठमाडौः फूलचोकी पब्लिकेसन एण्ड डिस्ट्रीब्युसन ।

भट्टराई, घटराज. (२०६७). *नेपालका धार्मिक स्थलहरू (सांस्कृतिक कोश)*. काठमाडौः विद्यार्थी पुस्तक भण्डार ।

रेग्मी, जगदीशचन्द्र. (२०३४). *नेपालको बैधानिक परम्परा*. कीर्तिपुरः पाठ्यक्रम विकास केन्द्र ।

शर्मा, डिल्लीराज. (२०६०). *गण्डकी प्रस्रवण क्षेत्रको सांस्कृतिक सम्पदा; कला र वास्तुकला*. काठमाडौ, ने.ए.अ.के.त्रि.वि. ।

शाक्य, छत्रराज. (२०४८). *पाल्पाका बौद्ध गतिविधिमा भिक्षु अमृतानन्द*. महाबोधी. वर्ष २. अङ्क २ ।

Dulal, L. N. (2060). *The land of pagoda: a brief study of the multi roofed temple of Nepal*. kasturi. Kathmandu: Padmakanya Multiple Campus. Year-40 Purnank -15. pp. 203-211.

Deo, S. B. (1968). *Archaeological Investigation in the Nepal Terai*. Kathmandu: Department of Archaeology.

Oldfield, H. A. (1974). *Sketches from Nepal*. Delhi: Cosmo publications.

Regmi, D. R. (1966). *Medival Nepal Vol-II*. Calcutta: Firma KL Mukhopadhyaya.

Sharma, P. R. (1968). *Introduction to Nepalese art and architecture*. Kirtipur: Journal of T. U.

Raya, A. (1972). *Art of Nepal*. Ilahabad: kitab mahal.